# नीलकण्ठ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
धादिङबेशी, धादिङ
बागमती प्रदेश, नेपाल

## कृषि स्वयंसेवक सेवा करारमा लिने सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशन मिति : २०७८।१०।२४)

यस नगरपालिकामा चालु आ.व. ०७८।०७९ को संघीय सरकारबाट हस्तान्तरित बाली विकास कार्यक्रमको लागि आवश्यक देहायको जनशक्ति स्थानीय तहमा सर्शत वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०७८ बमोजिम २०७९ असार मसान्तसम्मको लागि सेवा करारमा लिनुपर्ने भएकाले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र आवश्यक विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा दरखास्त बुझाउन अनुरोध गरिन्छ ।

१. करार सेवामा आवश्यक जनशक्ति विवरण

| सि.नं. | विज्ञापन नं. | पद | माग संख्या | करार अवधि | पारिश्रमिक |
|---|---|---|---|---|---|
| १ | ०४-०७८।०७९ | कृषि स्वयंसेवक | १ | २०७९ असार मसान्त सम्म | मासिक रु. १०,०००।- |

२. आवश्यक न्यूनतम् शैक्षिक योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि जे.टि.ए. वा सो सरह उत्तीर्ण भएको।

३. उमेर : १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको, महिलाको हकमा ४० बर्ष ननाघेको ।

४. दरखास्त दिने अन्तिम मिति : २०७८।११।०१

५. सम्पर्क मिति : दरखास्त दिने मितिको भोलिपल्ट ।

६. दरखास्त दस्तुर : रु. ३००।-

७. दरखास्त फाराम पाईने तथा बुझाउने स्थान : नीलकण्ठ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, धादिङ

८. दरखास्तसाथ पेश गर्नुपर्ने कागजातहरु : नागरिकता प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपी, ३ प्रति पासपोर्ट साईजको फोटो, अनुभव सम्बन्धी कागजात ।

९. छनौटको आधार : कार्यानुभव र अन्तर्वार्ता।

१०. शर्त तथा मापदण्ड करार सेवाको लागि प्रचलित कानूनद्धारा अयोग्य नठहरेको हुनुपर्ने ।

११. यो सूचना अनुसार दरखास्त तथा सेवा करार स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ ।

अन्य थप जानकारीको लागि नीलकण्ठ नगरपालिकाको वेभपेज www.neelkanthamun.gov.np वा कार्यालयको फोन नं. ०१०-५२०५५९ मा सम्पर्क राख्न सकिनेछ ।

(नेत्रप्रसाद पौडेल)
प्रमुख प्रशासकीय अधिकृत

# नीलकण्ठ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### धादिङवेशी, धादिङ
### बागमती प्रदेश, नेपाल

पत्र सङ्ख्या : २०७८।०७९
चलानी नं : १५५६

मिति:- २०७८/१०/२३

विषय : ५०% साझेदारीमा ल्यापटप माग सम्बन्धमा ।

**श्री सबै सामुदायिक विद्यालय**
नीलकण्ठ नगरपालिका, धादिङ ।

प्रस्तुत विषयमा यस नगरपालिकाको नवौं नगर सभाबाट स्वीकृत आ.व. २०७८।०७९ को वार्षिक योजना तथा कार्यक्रममा शिक्षातर्फको ८०३३०४०२३०१ सि.नं. २३४ तथा खर्च शीर्षक ३११३४ अन्तर्गतको ५० प्रतिशत साझेदारीमा ल्यापटप बितरण कार्यक्रमको लागि विद्यालयमा कार्यरत स्थायी शिक्षकहरुले तपसिल बमोजिमको विवरण सहित १० (दश) दिनभित्र यस न.पा. मा गतवर्ष ल्यापटप प्राप्त नगरेको स्थायी शिक्षकहरुले नियमानुसार माग गर्नुहुन अनुरोध छ । समयभित्र माग नभएका निवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत पुर्व जानकारी गराइन्छ ।

तपसिल :

१. सम्बन्धित शिक्षकको व्यक्तिगत निवेदन पत्र
२. कम्प्युटर तालिम लिएको भए तालिमको प्रमाण पत्रको प्रतिलिपि
३. नियुक्ति पत्र/सरुवा पत्रको प्रतिलिपि
४. नेपाली नागरिकताको प्रतिलिपि
५. विद्यालयको सिफारिस पत्र

(नेत्रप्रसाद पौडेल)
**प्रमुख प्रशासकीय अधिकृत**

**बोधार्थ :**
सूचना प्रविधि शाखा
नीलकण्ठ नगरपालिका : यस बमोजिमको सूचना website मा राखी दिनु हुन ।


Contact: 010-520568, 520559 email: neelakanthamun@gmail.com website: www.neelakanthamun.gov.np